महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असार ०४ गते, आईतबार

वित्तिय अनुशासन कायम गर्ने सन्दर्भमा माननीय महालेखापरीक्षकज्यूबाट नेपाल सरकारका मुख्य सचिव तथा अर्थ सचिवको उपस्थितिमा सार्वजनिक संस्थानका प्रमुख र लेखा प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूबाट सार्वजनिक संस्थानका प्रमुखहरुलाई आफ्नो संस्थाको उद्देश्य अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउने, संस्थानको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ पार्ने, लेखापरीक्षण हुन बाँकी रहेका संस्थानहरुले ३ महिना भित्र लेखापरीक्षण सम्पन्न गर्ने तथा सार्वजनिक संस्थानहरु जुन उद्देश्यले खडा गरिएको हो सो उद्देश्य हासिल गर्न केन्द्रीत भई अधिकतम् उत्पादकत्व हासिल हुने गरी कार्य गर्न निर्देशन दिनुभयो ।

सो अवसरमा महालेखापरीक्षकज्यूले आगामी दिनमा बार्षिक २ हजार अर्ब रुपैया भन्दा बढी कारोबार गर्ने सार्वजनिक संस्थानहरुको काम कारबाहीलाई लेखापरीक्षणमा उच्च महत्व दिने तथा कार्यालयले लेखापरीक्षण दायरालाई क्रमश: बिस्तार गर्दै नतिजामूलक बनाउने जानकारी दिनुभयो । नेपाल सरकारका मूख्य सचिव तथा अर्थ सचिवले पनि सार्वजनिक संस्थानहरुको प्रभावकारी कार्य संचालन बारे आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

०७४।३।४
..................
(रामुप्रसाद डोटेल)
नायव महालेखापरीक्षक